STUDY IN ABROAD
AUSTRALIA | NEW ZEALAND
UK | USA | CANADA
IELTS | OET | PTE
Preparation Center
BEACON
EDUCATION & VISA SERVICES

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ माघ २७ गते बिहीबार ❑ 10 Feb. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## आठ खर्ब ८० अर्बको व्यापार घाटा

रासस
काठमाडौं, २६ माघ

चालु आर्थिक वर्षको छ महिनामा कूल व्यापार घाटा रु आठ खर्ब ८० अर्ब ४९ करोड कायम भएको छ । आयातमा उल्लेख्य वृद्धि भएका कारण व्यापार घाटामा वृद्धि भएको हो । नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालू आवको छ महिनाको विवरणअनुसार कूल वस्तु व्यापार घाटा ४६.६ प्रतिशतले वृद्धि भएको हो । अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटा ५.८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.९ प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात ९.२ प्रतिशत रहेको थियो ।

समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु एक खर्ब १० अर्ब ९१ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु ८३ अर्ब एक करोड बराबरको भएको थियो । चालू आवको छ महिनामा कूल वस्तु निर्यात ९५.५ प्रतिशतले वृद्धि भई रु एक खर्ब १८ अर्ब ८५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ६.१ प्रतिशतले वृद्धि भएको थियो ।

गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ भएको निर्यात क्रमशः १२१.८ प्रतिशत र ३०.२ प्रतिशतले वृद्धि भएको छ भने चीनतर्फको निर्यात १०.२ प्रतिशतले घटेको छ । वस्तुगत आधारमा पाम तेल, सोयाबिन तेल, पिना, जुस, ऊनी गलैँचालगायतका वस्तुको निर्यात बढेको छ भने अलैँची, चिया, जडीबुटी, जस्तापाता, तारलगायतका वस्तुको निर्यात घटेको छ ।

यस्तै कूल वस्तु आयात ५१.१ प्रतिशतले वृद्धि भई रु नौ खर्ब ९९९ अर्ब ३४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ४.८ प्रतिशतले घटेको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३७.५ प्रतिशत, ५१.५ प्रतिशत र ९८.२ प्रतिशतले वृद्धि भएको केन्द्रीय बैंकले जनाएको छ ।

वस्तुगत आधारमा पेट्रोलियम पदार्थ, औषधि, कच्चा पाम तेल, यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाबिन तेललगायतका वस्तुको आयात बढेको छ भने एमएस बिलेट, सिमेन्ट, दाल, मोलासिस सुगर, कीटनाशकलगायतका वस्तुको आयात घटेको छ ।

निर्याततर्फ कञ्चनपुर, मेची र नेपालगञ्ज भन्सार कार्यालयबाहेकका नाकाबाट गरिएको निर्यात वृद्धि भएको छ। आयाततर्फ भने सम्पूर्ण प्रमुख नाकाबाट भएको आयातमा वृद्धि भएको छ । समीक्षा अवधिमा चालु खाता रु तीन खर्ब ५४ अर्ब सात करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालू खाता रु ५१ अर्ब ६८ करोडले घाटामा रहेको थियो ।

समीक्षा अवधिमा पूँजीगत ट्रान्सफर २० प्रतिशतले कमी आई रु पाँच अर्ब ४८ करोड कायम भएको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ४८.१ प्रतिशतले वृद्धि भई रु ११ अर्ब ३४ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत ट्रान्सफर रु छ अर्ब ८५ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रु सात अर्ब ६६ करोड रहेको थियो ।

समीक्षा अवधिमा शोधनान्तर स्थिति रु दुई खर्ब ४१ अर्ब २३ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब २४ अर्ब ९२ करोडले बचतमा रहेको थियो । कूल विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु १३ खर्ब ९९ अर्ब तीन करोड बराबर रहेकामा १६.७ प्रतिशतले कमी आई २०७८ पुस मसान्तमा रु ११ खर्ब ६५ अर्ब ८० करोड कायम भएको छ । अमेरिकी डलरमा यस्तो सञ्चिति २०७८ असार मसान्तमा रु ११ अर्ब ७५ करोड रहेकामा २०७८ पुस मसान्तमा १५.९ प्रतिशतले कमी आई रु नौ अर्ब ८९ करोड कायम भएको छ । कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७८ असार मसान्तमा रु १२ खर्ब ४४ अर्ब ६३ करोड रहेकामा २०७८ पुस मसान्तमा १८.४ प्रतिशतले कमी आई रु १० खर्ब १५ अर्ब ५९ करोड कायम भएको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा रु एक खर्ब ५४ अर्ब ३९ करोड रहेकामा २०७८ पुस मसान्तमा २.७ प्रतिशतले कमी आई रु एक खर्ब ५० अर्ब २१ करोड कायम भएको छ ।

गत पुस मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४.५ प्रतिशत रहेको छ । आव २०७८/७९ को छ महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ७.२ महिनाको वस्तु आयात र ६.६ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## एसइई परीक्षा वैशाख ९ देखि २० गतेसम्म हुने

पोखरापत्र संवाददाता
पोखरा, २६ माघ

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसइई) वैशाख ९ गतेदेखि सुरु हुने भएको छ ।

राष्ट्रिय परीक्षा बोर्डको बुधबार बसेको बैठकले यस वर्षको एसइई परीक्षा वैशाख ९ गतेदेखि सुरु भएर २० गते सम्पन्न गर्ने निर्णय गरेको बोर्डका अध्यक्ष महाश्रम शर्माले जानकारी दिनुभयो । कोरोना भाइरस सङ्क्रमणका कारण विगत दुई वर्ष एसइईको आन्तरिक मूल्याङ्कन गरेको र त्यसअघिका एसइई परीक्षा चैत महिनामा हुँदै आएकामा यस वर्ष भने कोरोना महामारीका कारण पढाइको कक्षा प्रभावित भएकाले पढाइलाई पूर्णता दिनका लागि बोर्डले नियमित समयभन्दा एक महिना ढिलो गरी परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो । बोर्डले आउँदो स्थानीय तहको निर्वाचनलाई समेत ध्यानमा राखेर परीक्षाको मिति निर्धारण गरेको उहाँले जानकारी दिनुभयो । यस वर्षको परीक्षामा पाँच लाख १० हजार परीक्षार्थी सहभागी हुने अनुमान बोर्डले गरेको छ । परीक्षाको तालिका भने बोर्डले बिहीबार बिहान सार्वजनिक गर्ने भएको छ ।

## कांग्रेस पदाधिकारीबीच कार्यसम्पादन बैठकबारे छलफल

पोखरापत्र संवाददाता
वालिङ, २६ माघ

नेपाली कांग्रेसका पदाधिकारीबीच बिहीबारका लागि तय भएको केन्द्रीय कार्यसम्पादन समिति बैठकका कार्यसूचीबारे छलफल भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बुधबार भएको बैठकमा म्याद समाप्त भएका भ्रातृ एवं शुभेच्छुक संस्था, अधिवेशन हुन बाँकी १६ जिल्ला कार्यसमिति, स्थानीय तह निर्वाचनको तयारीलगायत विषयमा छलफल भएको थियो । मङ्गलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा प्रधानमन्त्री एवं पार्टी सभापति शेरबहादुर देउवाबाहेक पदाधिकारीबीच छलफल भएका विषयबारे सभापति देउवालाई जानकारी गराइएको प्रवक्ता डा प्रकाशशरण महतले बताउनुभयो । केन्द्रीय कार्यसम्पादन समिति बैठकबाट प्राप्त सुझाव र सल्लाहका आधारमा पार्टी आगामी दिनमा सशक्तरूपमा कसरी अगाडि बढ्ने र परिचालन हुनेसम्बन्धी निर्णयमा पुगिने उहाँको भनाइ थियो ।

कांग्रेसले यही माघ २७ गते दिउँसो २ बजे केन्द्रीय कार्यालय सानेपामा पार्टीको केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको छ ।

बैठकमा म्याद समाप्त भएका भ्रातृ एवं शुभेच्छुक संस्था, अधिवेशन हुन बाँकी जिल्ला कार्यसमिति, स्थानीय तह निर्वाचनको तयारीलगायत विषयमा छलफल हुने कार्यसूची तय भएको छ । कोभिड-१९ को सङ्क्रमणका कारण कांग्रेसका १६ जिल्लाका अधिवेशनको मिति अझै तय हुन सकेको छैन । यसैगरी नेपाल सरकार, मन्त्रिपरिषद्को सोमबारको बैठकले स्थानीय तहको निर्वाचन आगामी वैशाख ३० गते गर्ने निर्णय गरेको छ ।

## रेल सञ्चालनको तयारी, लिकबाट हाटबजार हटाउन सुरु

रासस
जनकपुर, २६ माघ

धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म रेल सेवा सञ्चालन हुने निश्चित भएपछि नेपाल रेल्वे कम्पनीले रेलको लिकमा अव्यवस्थित रूपमा लाग्दै आएको हाटबजार हटाउन सुरु गरेको छ ।

अगामी महिनादेखि


रेल सेवा सञ्चालनको तयारी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## आप्रवासीको तथ्याङ्क सङ्कलन गर्दै वालिङ

पोखरापत्र संवाददाता
वालिङ, २६ माघ

स्याङ्जाको वालिङ नगरपालिकाले आप्रवासीको तथ्याङ्क सङ्कलनको तयारी थालेको छ ।

नगरपालिकाको आयोजनामा सुरक्षित आप्रवासन परियोजना (सामी), हेल्भेटास नेपाल र अन्धाअन्धी सामुदायिक विकास केन्द्रको सहयोगमा नगरपालिकाले गणकलाई तालिम दिइ आजदेखि परिचालन गर्दैछ । वालिङ नगरभित्रका नागरिक वैदेशिक रोजगारीमा गएका वा गएर फर्केकाको तथ्याङ्क सङ्कलन गर्ने, उनीहरूको सीप, योग्यतालगायत विवरण सङ्कलन गरिने नगरप्रमुख दिलीपप्रताप खाँणले जानकारी दिनुभयो । "वालिङका नागरिक वैदेशिक रोजगारीमा कति छन्, कति फर्किए, उनीहरूसित के-कस्तो सीप छ वा बेरोजगार छन् यी सबै विवरण गणकले घर-घरमै पुगेर सङ्कलन गर्नेछन्", उहाँले भन्नुभयो, "इच्छुकको नामावली, सीप, क्षमता, योग्यतालाई 'रोजगार पोर्टल' निर्माण गरी राख्ने योजना छ ।"

'रोजगार पोर्टल' मा इच्छुकको नामावली राखेसँगै उद्योग तथा कलकारखानालाई आवश्यक पर्दा सहजरूपमा उपलब्ध गराउन सकिने छ । "वैदेशिक रोजगारीबाट स्वदेश फर्केकाको सीप, क्षमताको विवरण 'रोजगार पोर्टल'मा उल्लेख गरिन्छ", उहाँले भन्नुभयो, "सोही पोर्टलमा उद्योग तथा कलकारखानालाई आवश्यक पर्ने जनशक्तिको पनि विवरण राखिने छ, कामदारले काम पाउने र उद्योगले कामदार पाउन सहज हुने छ ।" वालिङका कति नागरिक वैदेशिक रोजगारीमा छन्, कति फर्किएका छन्, फर्किएका वालिङका नागरिकको स्थिति के छ भन्ने बुझ्नका लागि १४ वटै वडामा गणक खटाइएको प्रमुख प्रशासकीय अधिकृत राजन भट्टराईले बताउनुभयो ।

"एक महिनासम्म १७ गणकले गाउँ-गाउँमा पुगेर विवरण सङ्कलन गर्नेछन्", उहाँले भन्नुभयो, "वैदेशिक रोजगारीमा गएका वा फर्केका यहाँका नागरिकको अवस्थाका बारेमा यथार्थ जानकारी भएसँगै यससम्बन्धी आगामी दिनमा नीति तथा कार्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउन सहज हुने छ ।" 'कोबो एप्स'को प्रयोग गरेर गणकले डिजिटल प्रविधिबाट तथ्याङ्क सङ्कलन गर्नेछन् । वैदेशिक रोजगारीमा गएका नागरिकले पठाउने रेमिट्यान्स र घरपरिवारले त्यसको प्रयोग के काममा गरेका छन् भन्ने विवरणसमेत गणकले घर-घरमै पुगेर लिने भट्टराईले बताउनुभयो ।

सत्र गणकलाई दुईदिने तालिम दिएर आजदेखि वडा-वडामा जिम्मेवारी दिएर पठाइएको सुरक्षित आप्रवासन परियोजना (सामी) स्याङ्जाका कार्यक्रम संयोजक एकनारायणसापकोटालेजानकारी दिनुभयो । यथार्थ र तथ्यपरक विवरण सङ्कलनका लागि गणक घर-घरमा गए-नगएको एप्समार्फत नै निगरानी गरिने उहाँले बताउनुभयो ।

"गणकले एप्सको प्रयोग गरेर दुई प्रकारबाट विवरण सङ्कलन गर्नेछन्", सापकोटाले भन्नुभयो, "एउटा वैदेशिक रोजगारीमा गएर फिर्ता भएका व्यक्ति र अर्को वैदेशिक रोजगारीमारहेकाकोघरपरिवारबाट फरक-फरक विवरण सङ्कलन हुनेछ ।" उनीहरूलाई वैदेशिक रोजगारीमा गएर फर्केका व्यक्ति र वैदेशिक रोजगारीमा रहेका व्यक्तिको परिवारलाई लक्षित गरेर विवरण सङ्कलन गरी डिजिटल प्रविधिमार्फत भर्ने तरिका सिकाएर पठाइएको छ ।

## आयोगका सिफारिस न्यूनमात्र कार्यान्वयनमा


रासस
काठमाडौं, २६ माघ

राष्ट्रिय मानव अधिकार आयोगले सरकारलाई गरेको सिफारिस १४ प्रतिशत मात्र कार्यान्वयन भएको जनाएको छ । आयोगका पदाधिकारीको पहिलो एक वर्षको प्रमुख गतिविधि सार्वजनिक गर्न आज आयोजित पत्रकार सम्मेलनमा मानव अधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले आयोगले गरेको सिफारिस सरकारले १४ प्रतिशत मात्र कार्यान्वयन गरेको र पूर्णरूपमा कार्यान्वयन हुने वातावरण बनाउनका लागि प्रयास भइरहेको बताउनुभयो ।

उहाँले आयोगले गरेको सिफारिस कार्यान्वयनका लागि एउटा संयन्त्र बनाउने तयारी भएको र भविष्यमा पूर्णरूपमा कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो । आयोगमा २०७७ माघदेखि २०७८ मङ्सिर मसान्तसम्म आयोगमा जम्मा १२९ उजुरी दर्ता भएका छन् । त्यसमध्ये नयाँ र पुराना गरी जम्मा ३७८ थान उजुरी फछ्र्यौट भएका छन् भने निर्णय सङ्ख्या जम्मा ४६६ रहेका

बाँकी अन्तिम पृष्ठमा ▶▶

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# फेवाताल संरक्षित जलाधार क्षेत्र एकीकृत कार्ययोजना बनाइने

–जमुनावर्षा शर्मा
पोखरा, २६ माघ (रासस)

सङ्घीय सरकारले मङ्गलबार घोषणा गरेको फेवाताल संरक्षित जलाधार क्षेत्रमा पोखरा महानगरपालिकाका ६, २२, १७, १८, २२, २३ र २४ तथा अन्नपूर्ण गाउँपालिका १,२,३,४ वडा पर्ने भएका छन् । रामसार सूचीमा सूचीकृत १२३ वर्ग किलोमिटर क्षेत्रफलको सो क्षेत्रलाई मन्त्रिपरिषद्को निर्णयबाट संरक्षित जलाधार क्षेत्र घोषणा गर्ने निर्णय भएको हो । संरक्षित क्षेत्र घोषणाका लागि आवश्यक पहल गर्न सर्वोच्च अदालतले विसं २०६८ चैत २० गते सङ्घीय सरकारलाई निर्देशनात्मक आदेश दिएकामा विसं २०७५ वैशाख १६ गते सरकारका नाममा पुनः अर्को आदेश जारी गरेको थियो । यसअघि मन्त्रिपरिषद्ले २०७६ कात्तिक २० गते भूतथा जलाधार संरक्षण समिति कास्की गठन गरेको थियो । विसं २०७३ चैत ३० गते तत्कालीन समयमा जनप्रतिनिधि नहुँदा स्थानीय विकास अधिकारीका अध्यक्षतामा रहेको समितिले संरक्षित क्षेत्रका लागि सङ्घीय सरकारलाई सिफारिस गरिसकेकामा जनप्रतिनिधि निर्वाचित भएर आएपछिसरकारले सो कामलाई अगाडि बढाउन भनेको थियो । जिल्ला समन्वय समितिका प्रमुखका अध्यक्षतामा सो काम अगाडि बढाउन कार्यविधि दिएर पठाइएको जिसस संयोजक वैनबहादुर क्षेत्रीले जानकारी दिनुभयो । "नेपाल सरकारको निर्णयपश्चात् हामीले सरोकारवालासहितको समिति बनाएर यो काम अगाडि बढायौँ, पहिले जनप्रतिनिधि नहुँदा बनेको समितिले स्थानीयवासीको भावनालाई बुझ्यो बुझेन भन्ने थाहा नभएकाले पुनः पछि उक्त क्षेत्रका वडामा गएर जनभावना बुझनका लागि कार्यक्रम गर्‍यौँ", क्षेत्रीले भन्नुभयो । उहाँले हालै सरकारले गरेको निर्णयले संरक्षणका लागि बाटो खुलेको र अब त्यस क्षेत्रका जनताले अपनत्व हुने गरी कार्यक्रम गर्नका लागि एकीकृत कार्ययोजना बनाएर अघि बढिने बताउनुभयो । उहाँले भन्नुभयो, "सरकारको निर्णयले एउटा बाटो खोलिदिएको छ, अब जनताले अपनत्व हुने गरी र फेवाताल पनि जोगिने गरी कार्ययोजना बनाएर अघि बढ्नुपर्छ ।" त्यस क्षेत्रका बासिन्दाको भावना बुझेर उनीहरूको जीविकोपार्जनमा सघाउ पुग्ने कार्यक्रममा जोड दिनुपर्ने उहाँको भनाइ छ।

फेवातालसहित नौ ताललाई रामसार क्षेत्रमा सूचीकृत गर्न महत्वपूर्ण भूमिका खेल्नुभएका तत्कालीन गण्डकी प्रदेश वन वातावरण तथा भूसंरक्षण मन्त्रालयका सचिव महेश्वर ढकालले सरकारको निर्णयले रामसार क्षेत्रमा सूचीकृत फेवाताल जलाधार क्षेत्रको महत्वलाई झनै बढाएको बताउनुभयो । उहाँले भन्नुभयो, "रामसार क्षेत्रमा सूचीकृत फेवाताल जलाधार क्षेत्रको अन्तरराष्ट्रिय महत्व रहेको छ, सरकारको यो निर्णयलाई सकारात्मक रूपमा लिनुपर्छ, अब सङ्घीय, प्रदेश र स्थानीय सरकारसँगै निजी क्षेत्र र नागरिक समाज सबै मिलेर काम गर्नका लागि एउटा बाटोसमेत खुलेको छ ।" उहाँका अनुसार भू तथा जलाधार संरक्षण ऐन २०३९ मा संवेदनशील जलाधार क्षेत्रलाई संरक्षित जलाधारका रूपमा संरक्षण गरेर त्यहाँको प्राकृतिक र सांस्कृतिक र वातावरणीय एवं आर्थिक पक्षलाई दिगो विकासको लक्ष्यसँग मेल खाने गरी संरक्षण गर्ने भन्ने उल्लेख भएकाले पनि सो निर्णयले फेवातालको संरक्षण हुने विश्वास गर्न सकिन्छ । उहाँले त्यस क्षेत्रका बासिन्दा लाभान्वित हुने कार्यक्रम बनाई निर्णय कार्यान्वयनका लागि स्रोत र साधनको पनि उचित व्यवस्थापनको आवश्यकता औँल्याउनुभयो । तत्कालीन समयमा दिगो संरक्षण एवं व्यवस्थापनका लागि ताल एवं यसको जलाधार क्षेत्रको एकीकृत विकासका र व्यवस्थापनका लागि वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलाधार व्यवस्थापन केन्द्र गण्डकीले संरक्षित क्षेत्र घोषणाका लागि सरोकार पक्षसँग छलफल र अन्तरक्रियासमेत गरेको थियो । राष्ट्रिय सम्पदा तथा जनअधिकार संरक्षण समिति नेपालका अध्यक्ष विष्णुहरि अधिकारीले सङ्घीय मन्त्रिपरिषद्को निर्णयसँगै फेवाताल संरक्षण हुनेमा आशावादी भएको बताउनुभयो । उहाँले पोखराको मात्र नभई देशकै गहनाका रूपमा रहेको रामसार सूचीबाट अन्तराष्ट्रिय महत्व बोकेको फेवाताल मुहानबाटै माटो र ग्रेग्रान बगेर जाँदा ताल पुरिँदै र प्रदूषण हुँदै जान थालेकामा सो निर्णयसँगै अब जलाधार क्षेत्र जोगिनेमा आफू विश्वस्त भएको बताउनुभयो । उहाँले यो निर्णयसँगै उक्त क्षेत्र वरिपरिका जनताको जीविकोपार्जनमा विशेष योगदान पुग्ने गरी नीतिगत रूपमा नै कार्यक्रम ल्याएर सुन्दर फेवातालसँगै स्थानीयवासीको अनुहारमा पनि उज्यालो ल्याउनुपर्नेमा जोड दिनुभयो ।



सडक स्तरोन्नति गरिँदैः कास्कीको माछापुच्छ्रे गाउँपालिका-२ स्थित सार्दीखोला-बाँभखेत-देउराली हुँदै कोलचोक भुर्जुङखोला सहायक सडक स्तरोन्नति गरिँदै । गण्डकी प्रदेश सरकारको चालू आर्थिक वर्षको रु एक करोड बजेटबाट दुई किमी सडक स्तरोन्नति गरिँदै छ । तस्वीर :कृष्ण दवाडी/रासस

## रेल...

गरेको नेपाल रेल्वे कम्पनीले जनकपुरधामउपमहानगरपालिका-१ सीता चोकस्थित रेल्वे लिकमा व्यापारीले लगाउँदै आएको दैनिक हाटबजार तत्काल हटाउन सुरु गरेको हो । जनकपुरधामसहित ठाउँ ठाउँमा रेल्वे लिकमै तरकारी हाटबजार लगाउने गरेका कारण रेल सञ्चालनमा समस्या हुने भएकाले लिकबाट हाटबजार हटाउने अभियान सुरु गरेको नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक निरञ्जन झाले जानकारी दिनुभयो । "रेल्वे लिगमै हाटबजार लगाउँदै आएका छन्, जसका कारण हामीलाई रेल सञ्चालनको तयारीमा समस्या भइरहेको छ", महाप्रबन्धक झाले भन्नुभयो, "हाटबजार रेल्वे लिकबाट अन्यत्र सार्ने विषयमा यहाँका जनप्रतिनिधि, व्यापारी र स्थानीयसँग छलफल गरेर वैकल्पिक ठाउँको खोजीसमेत भइरहेको छ ।" हाटबजारका लागि जनकपुर रेल्वे स्टेशनकै छेउमा रहेको रेल्वे कम्पनीको जग्गाको निरीक्षण गरिसकेको र त्यसैलाई व्यवस्थित गरेर त्यहीँ हाटबजार लगाउने विषयमा एक चरणको छलफल भएको महाप्रबन्धक झाको भनाइ छ।

खरिद गरेर पनि लामो समयदेखि सञ्चालन हुन नसकेका दुई रेल सेट नेपाल रेल्वे कम्पनीले आगामी फागुन १ गतेदेखि दैनिक जयनगरदेखि कुर्थासम्म ड्राई (बिना यात्रु) सञ्चालन गर्ने तयारी गरेको छ। "हामीले आगामी महिनाको पहिलो वा दोस्रो सातामा नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रूपमा जयनगर-कुर्था रेल सेवाको उद्घाटन गर्ने तयारी गरिरहेका छौँ", महाप्रबन्धक झाले भन्नुभयो, "फागुन १ गतेदेखि उद्घाटन नहुँदासम्म बिना यात्रु प्रत्येक दिन एक पटक जयनगरबाट कुर्था र कुर्थाबाट जयनगरसम्म रेल चलाउँछौँ, उद्घाटन भएपछि यात्रुको टिकट काटेर नियमित रेल सेवा सञ्चालन गर्ने तयारीमा हामी छौँ ।" उद्घाटनको मिति एक दुई दिनभित्रै टुङ्गो लाग्ने भएकाले रेल सेवा नियमित सञ्चालनका लागि सबै पक्षले सहयोग गर्नुपर्ने महाप्रबन्धक झाले बताउनुभयो ।

रेल उद्घाटनपछि सुरुका १५ दिन दिनको एक पटक आउने र जाने गरी रेल सञ्चालन गर्ने र त्यसपछि यात्रुको चाप तथा आवश्यकता हेरेर दिनमा २/३ पटकसम्म पनि रेल सञ्चालन गर्न सकिने तयारी गरेको उहाँले बताउनुभयो। गत २०७७ असोज २ गते भारतबाट रु ८४ करोड ६५ लाखमा खरिद गरिएका दुई सेट रेल जयनगरबाट जनकपुर ल्याएर धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवामा पार्किङ गरी त्रिपाल ओढाएर राखिएको छ। लामो समयदेखि त्रिपालमुनी थन्किएका रेलको गत पुस २४ गते जयनगरदेखि कुर्थासम्म परीक्षण गरिएको थियो ।

# संक्रमणसँगै घट्यो प्रतिबन्ध

पोखरापत्र संवाददाता
बागलुङ, २६ माघ

कोभिड-१९ सङ्क्रमणको जोखिमले महिना दिनदेखि बन्द रहेका यहाँका शैक्षिक संस्था आउँदो फागुन १ गतेदेखि खुल्ने भएका छन् । जिल्ला कोभिड व्यवस्थापन केन्द्रले जनस्वास्थ्य मापदण्ड पालना गरी विद्यालय, क्याम्पस, ट्युसन केन्द्रलगायत सबैखाले शैक्षिक क्रियाकलाप सञ्चालन गर्ने निर्णय गरेको हो ।

सोही निर्णय र सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयले फागुन १ गतेदेखि शैक्षिक संस्था सञ्चालन गर्न पाइने गरी आज आदेश जारी गरेको छ । बाह्र वर्षमुनिका बालबालिकाले पढ्ने कक्षा सञ्चालन गर्दा भने आलापालो प्रणाली अपनाउन भनिएको छ । त्यो उमेर समूहका बालबालिकाले कोभिड-१९ विरुद्धको खोप पाएका छैनन् ।

विद्यार्थी सङ्ख्या हेरेर सम्बन्धित स्थानीय तहको समन्वयमा विद्यालयले आलोपालो गरी कक्षा सञ्चालन गर्नसक्ने जनाइएको छ । सबै तहका रोकिएका परीक्षा पनि जनस्वास्थ्य मापदण्ड अपनाई सोही मितिदेखि गर्न सकिने आदेशमा उल्लेख छ । केन्द्रले कोभिड-१९ को घट्दो जोखिमलाई दृष्टिगत गरी यसअघि लगाइएका प्रतिबन्धलाई पनि केही खुकुलो पारेको छ । अबदेखि चलचित्र घर, जिमखाना, फुटसल आदि पनि राति १० बजेसम्म खोल्न पाइने भएको छ । होटल, रेष्टुराँलगायतका व्यापार, व्यवसाय पनि जनस्वास्थ्य मापदण्ड पालना गरी निर्वाधरूपमा सञ्चालन हुने भएका छन् । यसअघि किनमेल केन्द्रमा एकपटकमा २५ जनाभन्दा बढी छिर्न नपाइनेमा अहिले त्यो सङ्ख्या बढाएर ५० पुऱ्याइएको छ । पार्टी प्यालेस पनि आधा क्षमतामा सञ्चालन गर्न पाइने गरी प्रावधान खुकुलो पारिएको छ । पहिले विवाह, व्रतबन्धलगायत धार्मिक तथा सांस्कृतिक अनुष्ठानमा २५ जनाभन्दा बढी सहभागी हुन नपाइने नियम थियो । अब जनस्वास्थ्य मापदण्ड पालना गरी १०० जनासम्म भेला हुन पाउनेछन् । धार्मिकस्थलमा नित्य पूजाआजा मात्र गर्न पाइने पुरानो प्रावधान हटाएर एकपटकमा ५० जनाभन्दा बढी नहुने गरी पूजापाठ, ध्यान आदि गर्न पाइने नयाँ प्रबन्ध गरिएको छ । यस्तै सार्वजनिक सेवा लिनका लागि साथमा खोप कार्ड लिएर हिँड्न केन्द्रले जनसाधारणमा आग्रह गरेको छ । आमसभा, जुलुस, मेला, महोत्सव जस्ता धेरै मानिसको भीडभाड हुने क्रियाकलापमा भने प्रतिबन्ध कायमै छ ।

पछिल्ला दिनमा कोरोना सङ्क्रमणको दर ओरालो लागेपछि यसअघि तोकिएका मापदण्ड खुकुलो पारिएको हो । जिल्ला स्वास्थ्य कार्यालयको आँकडाअनुसार हाल यहाँ सक्रिय सङ्क्रमितको सङ्ख्या जम्मा १८७ छ । जबकि केही साताअघि त्यो सङ्ख्या ५०० माथि पुगेको थियो । आज ७ जना सङ्क्रमित थपिए भने ४५ जना कोरोनामुक्त भए । सङ्क्रमितको सङ्ख्या दैनिक घटिरहेको कार्यालयका कोभिड-१९ स्रोत व्यक्ति देवप्रकाश घिमिरेले बताउनुभयो।

## आयोग...

छन् । त्यसमा नीतिगत चार र उजुरीगत ५१ सिफारिस भएका छन् । आयोगले गरेका नीतिगत सिफारिसमा मनोसामाजिक समस्याको उपचारका लागि स्वास्थ्य संस्थाको कमी रहेकाले प्रदेशस्तरमा समेत यस्ता स्वास्थ्य संस्थाको विस्तार गर्न र हाल भएका स्वास्थ्य संस्थाको क्षमता अभिवृद्धि गरी व्यवस्थापनमा सुधार गर्नुपर्ने रहेको छ । त्यस्तै यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको पहिचानको अधिकारलाई सम्मान गर्नुपर्ने, कारागार र हिरासतको स्तरोन्नति गर्न र सुरक्षाको व्यवस्था मिलाउन र स्थानीय सरकारले कानून निर्माण गर्दा मानव अधिकारमैत्री हुनेगरी निर्माण गर्नुपर्ने रहेको छ । उजुरीगत सिफारिसमा पहिचान भएका पीडकलाई कानूनबमोजिम कारवाही गनुपर्ने, पीडक पहिचान गरी कानूनबमोजिम कारवाही गर्नुपर्ने, पहिचान भएका पीडक, निकायलाई कारवाही गर्नुपर्ने र पीडितलाई राहत तथा क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने रहेको छ ।

सबैको प्रयासका बाबजुद पनि देशको मानव अधिकारको अवस्था त्यति सन्तोषजनक नरहेको हुँदा मानव अधिकारको अवस्थामा सुधार ल्याउन राज्यका सबै निकायले आपसी सहकार्य गर्न आवश्यक रहेको आयोगको बुझाइ छ ।

बजारमा वस्तु तथा सेवाको मूल्य र गुणस्तरमा शंका लागेमा बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग वा सहायक प्रमुख जिल्ला अधिकारी वा स्थानीय तहका निरिक्षण अधिकृतलाई जानकारी गराऔं, स्वच्छ बजार सञ्चालनमा मद्दत पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सस्वा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरुमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनावारीमा गडबडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुबी, सेता दुबी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : हारसुङ्गार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरुको सफल उपचार गरिन्छ ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समयः प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४३११९०६, ९८५१०८८११८


नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा बढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्,
● कपालको बीच बीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्,
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाह्री झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५२१५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

केवल कर्महीन नै त्यस्तो हुन्छन जो भाग्यलाई फुकाउँछन र उसँग गुनासोको बाहुल्यता रहन्छ। - गौतम बुद्ध

## सम्पादकीय

# आर्थिक सुचक नकारात्मक

गठबन्धन सरकारले देशको आर्थिक अवस्था सुधार गर्ने दावी गलत सावित भएको छाकेपी शर्मा ओली नेतृत्वको सरकारले कोभिड-१९ ले थला पारेको अवस्थामा पनि आर्थिक स्थिति जोगाउने काम गरेको थियो। देशको आर्थिक अवस्था सुधार्न भन्दा अघिल्लो सरकारले गरेका निर्णय खारेज गर्न लाग्दा हरेक क्षेत्रमा नकारात्मक असर पुगेको छा पछिल्ला दिनमा मुलुकको आर्थिक सूचकहरु थप नकारात्मक बन्दै गएको छ। नेपाल राष्ट्र बैंकले बुधबार सार्वजनिक गरेको पुस मसान्तसम्मको आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी अध्ययन प्रतिवेदनले अर्थतन्त्रका अधिकांश सूचक नकारात्मक देखाएको छ।

रेमिट्यान्स घट्ने क्रम निरन्तर देखिएको छ।आयात उच्च छ भने निर्यातमा सुधार भएको छैन। जसले गर्दा विदेशी मुद्राको सञ्चिती घटेको छ र शोधनान्तर स्थिति घाटामा छ। तरलता अभाव कायमै छ। पुस मसान्तसम्ममा उपभोक्ता मुद्रास्फीतिमा भने मंसिरमा भन्दा थोरै सुधार देखिएको छ। मंसिरमा उपभोक्ता मुद्रास्फीति ७.११ प्रतिशत रहेकामा घटेर पुसम ५.६५ प्रतिशतमा झरेको छ। पुस मसान्तसम्म खाद्य भन्दा धेरै गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति बढेको छ। खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ४.९२ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ६.२३ प्रतिशत रहेको छ। सरकारले जनताको हितको लागि भन्दा गठबन्धनलाई टिकाउनका लागि अनुशासनमा नबस्दा त्यसको असर राष्ट्रले भोग्नुपरेको छ। हरेक क्षेत्रमा मूल्य बढेको छा मदिरा र सुर्तीजन्य वस्तुमा मूल्य बढ्ने गर्छीसरकारको कर नीतिको कारण मूल्य बढ्नुलाई स्वभाविक मानिएला तर जनताको चुल्हो बाल्न गाह्रो हुनेगरी मूल्य बढ्नु बजार अनुगमन  र नियमन निकायको कमजोरीका कारण हो।

२०७७ पुसको तुलनामा २०७८ पुसमा घिउ तथा तेलमा २१.२२ प्रतिशत, यातायातमा १४.०७, मदिराजन्य पेय पदार्थमा ११.३७ प्रतिशत, सुर्तीजन्य वस्तुमा १०.४८ र दाल तथा गेडागुडीमामा ९.२२ प्रतिशत मूल्यवृद्धि भएको छ। ठाउँ अनुसार हेर्दा सबैभन्दा धेरै मूल्यवृद्धि तराईमा देखिएको छ। भारतसंग खुला सिमा भएको र ढुवानी कम लाग्ने ठाउँमा मूल्य बढ्नु सोचनीय विषय हो। पुस मशान्तको स्थिति हेर्दा भुक्तानी सन्तुलन झनै बिग्रिएको छ। पुस मशान्तसम्ममा शोधानान्तर स्थिति २४१ अर्ब २३ करोडले घाटामा छ। अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति १२४ अर्ब ९२ करोडले बचतमा रहेको थियो। पुस मसान्तमा चालु खाता ३५४ अर्ब ७ करोडले घाटामा छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता ५१ अर्ब ६८ करोडले घाटामा रहेको थियो।

पुस मसान्तसम्म विदेशी मुद्राको सञ्चिति १६.७ प्रतिशतले घटेको नेपाल राष्ट्र बैंकले बताएको छ। गत असार मसान्तमा १३ खर्ब ९९ अर्ब ३ करोड रुपैयाँ रहेको कुल विदेशी विनिमय सञ्चिति घटेर पुस मसान्तमा ११ खर्ब ६५ अर्ब ८० करोड रुपैयाँमा झरेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये राष्ट्र बैंकमा १० खर्ब १५ अर्ब ५९ करोड रुपैयाँ छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिती १ खर्ब ५० अर्ब २१ करोड रुपैयाँ छ। विदेशी विनिमय सञ्चितीमा भारतीय मुद्राको अंश २४.५ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ को ६ महिनाको आयातलाई आधार मान्दा बैकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितीले ७.२ महिनाको वस्तु आयात र ६.६ महिनाको वस्तु तथा सेवा आयात गर्न मात्र पुग्ने राष्ट्र बैंकले बताएको छ। नेपाली अर्थतन्त्रको मेरुदण्ड रेमिट्यान्स पनि घट्ने क्रम निरन्तर चलिरहेको छ। विदेश गएका नेपालीले पठाउने रकम रेमिट्यान्स चालु आर्थिक वर्षको सुरुवाती महिनादेखि नै घट्ने क्रममा देखिएको थियो। गत साउनदेखि पुस मशान्तसम्म नेपालमा चार खर्ब ६८ अर्ब ४५ करोड रुपैयाँ रेमिट्यान्स आएको छ। जुन अघिल्लो वर्ष भन्दा ५.५ प्रतिशत घटेको हो।

यस अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या भने बढेको छ। राष्ट्र बैंकका अनुसार ६ महिनामा एक लाख ६७ हजार ५१३ जनाले श्रम स्वीकृति लिएका छन्। वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या पनि अघिल्लो वर्षको तुलनामा २९८.१ प्रतिशतले वृद्धि भई एक लाख ३० हजार २१२ पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या ७५.५ प्रतिशतले घटेको थियो। हुण्डी कारोबार हुन थालेपछि रेमिट्यान्स घट्ने गरेको छाविगतमा अर्थमन्त्रीले कडाइ गर्दा  सुधार भएको हो। अहिले सबैलाई खुशी बनाउने नीति लिएको कारण अर्थतन्त्र कमजोर बनेको छ। अर्थतन्त्र नबुझ्केको ब्यक्ति अर्थमन्त्री हुँदा दलाल मोटाउने र  देशको आर्थिक अवस्था झन खराब हुँदै जानेछ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : मन चञ्चल | धनु | : शारीरिक झमेला |
| कर्कट | : ब्यापारमा लाभ | मकर | : झमेला बड्ने |
| सिंह | : कार्यमा सफलता | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : आर्थिक समस्या | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# आफ्नै घरको जग बसाल्दै जैमिनी

**रासस**
**बलेवा, २६ माघ**

जग्गा अभावका कारण पाँच वर्षदेखि थालनी हुन नसकेको जैमिनी नगरपालिकाको प्रशासनिक भवन निर्माणको काम सुरु भएको छ। पालिका मुकाम कुश्मीशेरा बजारका स्थानीयवासीले भवन निर्माणका लागि निःशुल्क जग्गा उपलव्ध गराएपछि भवन निर्माणको प्रक्रिया अघि बढेको हो।

तीन वर्षमा निर्माण सम्पन्न गर्नेगरी भवन निर्माणको काम सुरु भएको इञ्जिनीयर विवेक सापकोटाले बताउनुभयो। स्थानीय तह गठनपछि भवन निर्माणका लागि योजना बनाएको नगरपालिकाले अहिलेका जनप्रतिनिधिको कार्यकाल सकिने बेला भवनको जग बसाल्ने भएको हो। भवन निर्माणको जिम्मेबारी पाएको रविना, प्राकृतिक जुगल जेभीले तत्कालै काम थाल्ने बताएको छ। रु आठ करोड १७ लाख ६५ हजार ८२ मा निर्माण हुने भवनका लागि नेपाल सरकार र नगरपालिकाले ५०/५० प्रतिशत साझेदारी गर्नेछन्। विसं २०८१ असार मसान्तसम्म भवन निर्माण गर्ने गरी माघ २१ गते ठेक्का सम्झौता भइसकेको सापकोटाले जानकारी दिनुभयो। चार तलाको सुविधा सम्पन्न भवनमा ४२ वटा प्रशासनीक कोठा तयार हुनेछन्। "हामीले यहाँ नयाँ अभ्यास गरेका छौं, भूईंतलाबाट चारतलासम्म विद्युतीय लिफ्ट हुनेछ", सापकोटाले भन्नुभयो,"अहिले भवनको परिसरका संरचना बन्ने छैनन् तर सबै संरचना बनिसक्दा नगरको प्रशासनिक भवन नमूना हुनेछ।" जिल्लामा सरकारी भवनमा लिफ्टको सुविधा भएको यो प्रशानिक भवन दोस्रो हुनेछ। यसअघि धौलागिरीमानै पहिलो पटक धौलागिरि अस्पताल बागलुङमा लिफ्ट जडान भएको थियो।

जनप्रतिनिधि आएपछि पहिलो वर्षदेखिनै जग्गा प्राप्तिका लागि प्रयास भए पनि अघिल्लो वर्षमात्रै नगरपालिकाले जग्गा प्राप्त गरेको थियो। नेपाल सरकारले जग्गाको प्लटिङमा लगाएको रोकको मारमा परेको नगरपालिकाले रोक्का फुकुवा भएपछि जग्गा आफ्नो नाममा बनाएको थियो।

११ जना स्थानीयवासीको १८ रोपनी जग्गा एकीकृत गरेर नगरपालिकाले पाँच रोपनी जग्गा प्राप्त गरेको थियो। बाँकी जग्गा प्लटिङ गरेर आवश्यक पूर्वाधार निर्माणपछि सम्बन्धित उपभोक्तालाई नगरपालिकाले फिर्ता दिने छ। कुश्मिसेरा बजारको दक्षिणतर्फ बन्ने भवन जैमिनी नगरपालिकालाई फेरो हालेका ठेउले खोला र टिमुर खोलाको दोभानमा बन्ने छ। कर्मचारीका लागि आवासीय सुविधासमेत भवन परिसरमै हुनेछ।

भवन निर्माण भएपछि नगरपालिकाको सेवा प्रवाह सहज हुने नगरप्रमुख इन्द्रराज पौडेलले बताउनुभयो। आफ्नै भवन नहुँदा नगरपालिकाले महँगो भाडा तिरेर व्यक्तिको घरबाट प्रशासनीक काम गर्दै आएको छ। नगर प्रमुख, उपप्रमुख र कर्मचारीका लागि आवासको सुविधा समेत गर्दा मासिक एक लाख ५० हजार बढी भाडामा खर्च हुने गरेको छ। सभाहलसमेत निर्माण हुने भएकाले नगरसभा, बैठक लगायतका कार्यक्रम गर्न भाडाको हल खोज्नुपर्ने बाध्यता अन्त्य हुने पौडेलले बताउनुभयो।

# शहीद स्मारक 'ए' डिभिजन लिग : पुलिसको जीत

**रासस**
**काठमाडौं, २६ माघ**

विभागीय टोली नेपाल पुलिस क्लबले च्यासल युथ क्लबलाई पराजित गर्दै शहीद स्मारक 'ए' डिभिजन लिग फुटबल प्रतियोगितामा जीत हात पारेको छ।

त्रिपुरेश्वरस्थित दशरथ रङ्गशालामा आज भएको खेलमा पुलिसले च्यासल युथ क्लबलाई २-१ गोल अन्तरले पराजित गर्दै जित हात पारेको हो। पुलिसको जितमा रविशङ्कर पासवान नायक बने। दुवै गोल उनैले गरे। च्यासलका लागि भने मौसा अबागानाले एक गोल फर्काए। निकै प्रतिस्पर्धात्मक बनेको खेलमा खेलको ३७औँ मिनेटमा पासवानले गोल गर्दै पुलिसलाई सुरुआती अग्रता दिलाए। उनले नीरकुमार राईले उपलब्ध गराएको बलमा गोल गरेका हुन। खेलको ५२औं मिनेटमा च्यासलका मौसाले पेनाल्टीमा गोल गर्दै खेललाई १-१ गोलको बराबरीमा ल्याए। पुलिसका कप्तान सुमन सुवेदीले खेलको ५१औं मिनेटमा रुमेश बर्तौलालाई पेनाल्टी क्षेत्रभित्र लडाएपछि च्यासलले पेनाल्टी पाएको थियो। त्यसपछि खेलको ७०औं मिनेटमा पासवानले व्यक्तिगत दोस्रो गोल गर्दै पुलिसलाई २-१ को जित दिलाए। सुमन लामाले उपलब्ध गराएको बलमा पासवानले पेनाल्टी क्षेत्रभित्रबाट उत्कृष्ट गोल गरे। यस जितसँगै पुलिसले नौ खेलमा १० अङ्क जोडेको छ। पुलिस अङ्क तालिको दशौं स्थानमा उक्लिएको छ। समान नौ खेल नै खेलको च्यासल पाँच अङ्क जोडेर अङ्क तालिकाको १३औँ स्थानमा रहेको छ। यस हारसँगै च्यासललाई रेलिगेसनको दबाब भने बढेको छ।

# पशुपतिनाथ मन्दिर माघ २८ गतेदेखि खोलिने

**रासस**
**काठमाडौं, २६ माघ**

कोरोना भाइरसको तेस्रो लहरका कारण माघ पहिलो सातादेखि बन्द रहेको पशुपतिनाथ मन्दिर माघ २८ गते शुक्रबारदेखि खुला हुने पशुपति क्षेत्र विकास कोषले जनाएको छ। कोषले बुधबार जारी गरेको सूचनामा जिल्ला प्रशासन कार्यालय काठमाडौंको माघ २३ गतेको आदेशानुसार मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका स्थलमा जनस्वास्थ्य मापदण्ड पालना गरी एक पटकमा ५० जनाभन्दा बढी नहुने गरी पूजा, ध्यान वा प्रार्थना गर्न सकिने उल्लेख भएकाले मन्दिर खुला गर्न लागिएको हो। कोषले महाशिवरात्रिको तयारी गरेसँगै पशुपतिनाथ मन्दिर खुला गर्ने जनाएको थियो।

कोषका सदस्य सचिव डा मिलनकुमार थापाले आज जारी गर्नुभएको सूचनामा विश्वस्वास्थ्य सङ्गठन र नेपाल सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरेर शुक्रबारदेखि मन्दिर खुला गर्न लागिएको उल्लेख छ। कोरोना सङ्क्रमण बढ्न थालेपछि यही माघ ५ गतेदेखि पशुपतिनाथ मन्दिर भक्तजनका लागि बन्द गरिएको थियो। मन्दिर बन्द भएपछि नित्य पूजा मात्र भइरहेको कोषका प्रवक्ता रेवतीरमण अधिकारीले जानकारी दिनुभयो।

# केरामा खपटे र आलुमा ढडुवा रोग देखियो

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २६ माघ**

म्याग्दीमा गरिएको व्यावसायिक केरा र आलुखेतीमा रोग देखिएपछि किसान चिन्तित बनेका छन्। केरामा खपटे घुन र गवाँरो रोगको प्रकोपका कारण बोट र पात सुक्ने, कोसा पोटिलो नहुने रोग देखिएको छ भने आलुमा ढडुवा रोगका कारण बोट सुक्न थालेका छन्। जिल्लाको बेनी नगरपालिका- २ बगरफाँट, खबराका साथै मङ्गला र रघुगङ्गा गाउँपालिकाका विभिन्न क्षेत्रमा गरिएको केराखेतीमा रोगको प्रकोप देखिएपछि किसान चिन्तित भएका हुन्। त्यसैगरी डढुवा रोगका कारण आलुको बोट सुक्न थालेपछि किसानले औषधि प्रयोग गर्न थालेका छन्। कतिपय ठाउँमा औषधि प्रयोग गरेपनि रोगको प्रकोप कम नभएको बरु रातो कमिलासमेत देखिन थालेको बगरफाँटका किसान जीतबहादुर कार्कीले बताउनुभयो।

यता केरा गाउँको रूपमा परिचय बनाएको बेनी - २ खबरा र बगरफाँट गाउँमा खपटे घुनले सयौँ रोपनी क्षेत्रफलमा लगाएको केराका बोट सुक्न थालेका छन्। स्थानीयवासी चन्द्रबहादुर कार्कीले केराखेतीलाई आफूले मुख्य आम्दानीको स्रोत बनाएको बताउनुभयो उहाँले भन्नुभयो"केराको थम्बा नपसाउँदै सुक्न थाल्यो।" उहाँले करिब ८ रोपनी खेतमा केराखेती गर्नुभएको छ। बगरफाँटका किसान बेदप्रसाद शर्माले खपटे घुनले पसाएको केरामा दाग देखिने, केराको बोट सुक्दै जाने, बोट ढल्ने र उत्पादन पनि घट्दै गएपछि पेशा सङ्कटमा परेको बताउनुभयो। यहाँको सिङ्गो गाउँका किसान केरा खेतीमा संलग्न छन्। सुरुआतमा सामान्य देखिए पनि केही समयपछि भने खेतीमा ठूलो क्षति पुऱ्याएको उहाँको भनाइ छ। आफ्ना करिब १० रोपनी धान फल्ने खेतमा केराखेती गर्नुभएको दुर्गाबहादुर थापाले रोगको प्रकोपका कारण यस वर्ष केराको उत्पादन घटेको बताउनुभयो। हजारी जातको केराखेतीबाट वार्षिक रु तीन लाख आम्दानी हुँदै आएकोमा रोगको प्रकोपले यसवर्ष उत्पादन र आम्दानी घटेको उहाँले जानकारी दिनुभयो।

"झ्याङ भएको केरामा कीरा र रोग लागेपछि सुरुमा पात सुक्दै जान्छ। त्यसपछि गुबो र विस्तारै बोट मर्ने गरेको छ।" उपचारका लागि बोट वरिपरी काँटछाँट, सफाइ गर्ने र कृषि प्राविधिकको सिफारिसमा कीटनाशक औषधि छर्कदै आएको किसान थापाले जानकारी दिनुभयो। रोकथाम र उपचारमा समन्वय गर्न नसक्दा क्षति पुगेको व्यावसायिक केराखेती गर्दै आउनुभएका खबराका अर्का किसान शोभित शर्माले बताउनुभयो। "लगानी पनि उठ्न गाह्रो हुने देखियो, पसाउन सुरु गरेको केराको पात सुकेर बोट मर्न थाल्छ," उहाँले भन्नुभयो। धान फल्ने खेतमा केराखेती गरेका यहाँका किसान धमाधम केराका बोट मर्ने र पसाएका केराका कोसा पनि पोटिला हुन नसकेपछि मारमा परेका छन्। उनीहरूले स्थानीय सरकारसँग सहुलियत र सहयोगको माग समेत गरेका छन्।

# 'चपली हाइट ३' फागुन १ गतेदेखि देशभरका हलमा

**पोखरापत्र संवाददाता**
**पोखरा, २६ माघ**

कहिले कोरोना कहर त कहिले विदेशी चलचित्रका कारण पटक पटक प्रदर्शन मिति सरेको चलचित्र 'चपली हाइट ३' गत पुष ३० गतेबाट हलमा लागेको थियो।

तर, कोरोना महामारीका कारण सरकारले माघ ३ गतेबाट तेस्रो पटक सिनेमा हल बन्द गरेपछि चलचित्र तीन दिन मात्र प्रदर्शन हुन पायो। जसले गर्दा निमातालाई आर्थिक रुपमा ठूलो मार पऱ्यो।

प्रदर्शनको तीन दिनमा चलचित्रले दर्शकको अपेक्षाकृत साथ पाउन सकेको थिएन। तर, समीक्षकले चलचित्र रुचाएका कारण माउथ पब्लिसिटीले हलमा दर्शकको चाप बढ्ने आश निर्माण टिमलाई थियो। तर, प्रदर्शनको तीन




दिनमै हलहरु बन्द भएपछि चलचित्रको प्रदर्शन रोकियो।

यद्यपि, हल खुलेपछि फेरि चलचित्र प्रदर्शन गर्ने अडानमा निर्माता अर्जुन कुमार थिए। सीसीएमसीसीको सिफारिसमा फागुन १ गतेबाट हलहरु खुल्ने भएपछि 'चपली हाइट ३' लाई फेरि प्रदर्शन गरिने भएको छ। अर्जुन कुमारले विज्ञप्ति जारी गर्दै चलचित्र पुनः प्रदर्शनमा आउने जानकारी दिँदै आफूले दोस्रो मौका पाएको बताएका छन्। उनी दोस्रो मौकामा चलचित्रलाई दर्शकले साथ दिनेमा विश्वस्त छन्। चलचित्रले भ्यालेनटाइन डेको फाइदा उठाउन सक्ने विश्वास लिइएको छ। चलचित्रमा महेश त्रिपाठी स्वस्तिमा खड्का, आमिर गौतम, सुपुष्पा भट्ट, , अर्पण थापा, प्रतिकमान श्रेष्ठ, दीपाश्री निरौला, लक्ष्मी बर्देवा, लोकेन्द्र लेखक, विशाल पहारी, जीवन भट्टराई, सुष्मा निरौला लगायतको अभिनय रहेको छ। निकेश खड्का निर्देशित क्राइम थ्रिलर चलचित्रमा आकाश बरालको कथा तथा संवाद, सुभाष भुषाल र अर्जुन कुमारको संगीत र पुरुषोत्तम प्रधानले छायांकन गरेका हुन्।

# आमाका नाममा पाँच लाखको अक्षयकोष

**पोखरापत्र संवाददाता**
**बागलुङ, २६ माघ**

बागलुङ नगरपालिका-२ का सुन्दरी श्रेष्ठ र ताराप्रसादश्रेष्ठले आमा भद्रकाली राजभण्डारीको स्मृतिमा रु पाँच लाखको अक्षयकोष स्थापना गरेका छन्। श्रेष्ठ दम्पतीले राजभण्डारीका नाममा हालै गठित भद्रकाली सेवा समूहमा सो अक्षयकोष खडा गर्नुभएको हो।

अक्षयकोषमार्फत शिक्षा, स्वास्थ्य, कला र मानवीय सेवाका क्षेत्रमा कार्य गरिने समूहका अध्यक्ष काजी रोशनले बताउनुभयो। समूहले छोरीलाई मिर्गौला दान गर्ने बानपा-२ की पार्वती श्रेष्ठलाई सम्मान र वडा नं ३ की रिया राजभण्डारीको स्नातक तह अध्ययनको सबै खर्च व्यहोर्नसमेत निर्णय गरेको छ। पार्वतीले छोरी बिरन्तीलाई २०७४ सालमा मिर्गौला दान गरी नयाँ जीवन दिएकामा सो कार्यको सराहना गर्दै सम्मान गरिएको अध्यक्ष रोशनले बताउनुभयो। यस्तै न्यून आय भएकी रियालाई अर्थाभावकै कारण पढाइमा समस्या आएपछि बिबीएस अध्ययनका लागि छात्रवृत्ति दिने निर्णय गरिएको हो। अक्षयकोषबाट आउने ब्याज रकमबाट वर्षेनी सम्मान, पुरस्कार र छात्रवृत्ति प्रदान गरिनेछ। अध्यक्षकोषको संरक्षक पनि श्रेष्ठ दम्पती रहनुभएको छ। सामाजिक सेवाको उद्देश्यले आमाको स्मृतिमा संस्था गठन गरी अक्षयकोष स्थापना गरिएको संरक्षक सुन्दरी श्रेष्ठले बताउनुभयो।


**प्रदेश सरकार**
**शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय**
**प्रदेश संग्रहालय**
**गण्डकी प्रदेश पोखरा, नेपाल**

## ठेक्का रद्द सम्बन्धी सूचना

**प्रकाशित मिति : २०७८/१०/२७**

**यस कार्यालयको मिति २०७८/०९/३० मा पोखरापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार (ठेक्का नं. २/०७८/०७९ प्रदर्शनी कक्षहरुका लागि शोकेश खरिद/निर्माण कार्य) को ठेक्का यस कार्यालयको मिति २०७८/१०/२६ को निर्णय अनुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।**

